
# युरोपियन लगानी बैंकको लगानीमा निर्माणधिन मर्स्याङ्दी कोरिडोर २२० के.भी. विद्युत प्रशारण लाईन परियोजनाबाट प्रभावित समुदायद्वारा तयार पारिएको स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरीसम्बन्धी आलेख (प्रोटोकल)



*एफपिक तथा अधिकार मञ्च*

*२२ असोज २०७७ (अक्टोबर ८, २०२०)*

प्रथम पटक प्रकाशित २०२० मा,
एफपिक र अधिकार मञ्च, लमजुङ, नेपाल

नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)
अनामनगर, काठमाडौं, नेपाल ।
पोस्ट बक्स नं. ११९७९
सम्पर्क फोन नं. : ९७७ ०१ ५७०५५१०
इमेल : lahurnip.nepal@gmail.com

प्रथम प्रकाशन, २०२१
एफपिक र अधिकार मञ्च, लमजुङ, नेपाल
नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

प्रतिलिपि अधिकार ©नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

यो पुस्तकको स्रोतलाई उदृत गरी शैक्षिक तथा तालिम सामग्री वा अन्य गैर-नाफामुलक उद्देश्यका लागि पूर्ण वा आंशिक रुपमा पुनः प्रकाशन गर्न सकिने छ । प्रतिलिपि अधिकारवालासंग अग्रिम लिखित रुपमा स्वीकृति नलिइ बेच्न वा अन्य व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न पाइने छैन ।

AIPP

LAHURNIP 1995 — Lawyers' Association for Human Rights of Nepalese Indigenous Peoples, Kathmandu Nepal

IWGIA

# कृतज्ञता

मनाङ जिल्लाको ताल र लमजुङ जिल्लाको घेर्मु, अर्चलबोट र धमिल कुवामा २०७६ साल बैशाख १२ गतेदेखि १४ गतेसम्म तथा मनाङ जिल्लाको धारापानी र लम्जुङ जिल्लाको घेर्मु, खुदी, खासुर, अर्चलबोट, बाँझाखेत र धमिल कुवामा २०७६ जेठ १० गतेदेखि जेठ १९ गतेसम्ममा सम्पन्न भएको प्रारम्भिक चरणको सामुदायिक परामर्श बैठकमा सहभागी आदिवासी तथा बाहुन क्षेत्री र दलित समुदायप्रति हामी आभार व्यक्त गर्दछौ । त्यसैगरी परामर्श बैठकहरूमा सक्रिय रुपमा भाग लिनु भएकोमा एफ्पिक तथा अधिकार मञ्च, लमजुङका अध्यक्ष खेमजङ गुरुङ, सचिव चन्द्र मिश्र, त्यसैगरी नेपाल आदिवासी जनजाति महासंघ-लमजुङका अध्यक्ष दुधकाशी गुरुङ र पत्रकार आश बहादुर गुरुङलाई पनि धन्यवाद दिन चाहन्छौ ।

संयुक्त राज्य अमेरिकास्थित संस्था एकाउन्टाविलिटी काउन्सेललाई हामी हार्दिक धन्यवाद दिन चाहन्छौ जसले लमजुङ र मनाङका प्रभावित समुदायलाई यूरोपेली लगानी बैंकमा उजुरी प्रक्रियमा प्राविधिक सहयोग गरेको थियो । साथै यस आलेख (प्रोटोकल) तयार गर्ने सन्दर्भ समाग्रीहरू उपलब्ध गराएको थियो र यस आलेख (प्रोटोकल) तयार गर्ने प्रक्रियामा यूरोपेली ईन्भेष्टमेण्ट बैंकको सामाजिक तथा वातावरणीय मापदण्ड अनुरुप मिलाउने कार्यमा सहयोग गरेको थियो ।

हामी डेनमार्क स्थित विश्वव्यापी मानव अधिकार संगठन ईन्टरनेसनल वर्क ग्रुप फर ईन्डिजिनियस अफेयर (इब्गीया) र थाईलैन्डस्थित क्षेत्रिय संस्था ईन्डिजिनियस पिपुल्स प्याक्ट (एआईपिपि) दुवैलाई नेपालका आदिवासीको अधिकार र समावेशी विकास प्रवर्द्धनमा सहयोग पुऱ्याएकोमा धन्यबाद दिन चाहन्छौं ।

आदिवासी विज्ञ र प्रख्यात समाजशास्त्री डा. कृष्ण भट्टचन धेरै धेरै धन्यवादका पात्र हुनुहुन्छ जसले यस दस्तावेज निर्माण प्रक्रियामा अनुसन्धान विधि तय गर्न, काठमाडौं लमजुङ र मनाङमा आयोजित परामर्श बैठकहरूको सहजीकरण गर्न, तथ्यांक संकलन गर्न र यो प्रतिवेदन तयार गर्न सहयोग गर्नुभएको थियो ।

र, अन्त्यमा सबै व्यक्तिहरू र संघसंस्थाहरू जस्ले यो प्रतिवेदन तयार गर्न प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्नुभयो हामी सबैलाई धन्यवाद दिन चाहन्छौं ।

एफपिक र अधिकार मञ्च
लाहुर्निप

# विषय सूची





| | |
|---|---|
| **१. पृष्ठभूमि, उद्धेश्य र अनुसन्धान विधि** | **०१** |
| १.१. पृष्ठभूमि | **०२** |
| १.२. अनुसन्धान विधि | **०४** |
| **२. आदिवासीहरूबाट स्वतन्त्र, अग्रीम जानकारीसहितका मञ्जुरी (एफपिक) र गैर आदिवासीहरूसंग परामर्श कार्यान्वयनको लागि प्रक्रियात्मक आलेख (प्रोटोकल)** | **०५** |
| २.१. भाग १ : आदिवासीसंग सम्बन्धित एफपिक आलेख (प्रोटोकल) | **०८** |
| २.१.१. चरण १ : मञ्जुरी प्राप्त गर्नु अघि | **०९** |
| २.१.१.१. आदिवासीहरूबाट मञ्जुरी प्राप्त नभएसम्म परियोजना स्थगन गर्ने | |
| २.१.१.२. परियोजनाका क्षेत्रहरू र परियोजनाबाट प्रभावित समुदाय निर्धारण गर्ने | |
| २.१.१.३. एफपिक प्रक्रिया कार्यान्वयन समिति र अध्ययन सञ्चालन | |
| २.१.१.४. एफपिकको लागि स्वतन्त्र वातावरण सुनिश्चितता | |
| २.१.१.५. आदिवासीहरूले बुझ्ने भाषामा सूचना र जानकारीहरू प्रचारप्रसार | |
| २.१.१.६. कानूनी तात्पर्यको सन्दर्भमा थप जानकारीका लागि लाहुर्निप र एकाउन्टाविलिटि काउन्सेललगायतकासंग परामर्श | |
| २.१.१.७. सरकार/नेपाल विद्युत प्राधिकारण र युरोपियन इन्भेष्टमेन्ट बैंकसंग बाँकी सवालहरूमा सिधा छलफल | |
| २.१.१.८. समूहगत (क्लस्टर) रुपमा सामुदायिक बैठक | |
| २.१.२. चरण २ : मञ्जुरी | **१५** |
| २.१.३. चरण ३ : मञ्जुरी प्राप्त गरिसकेपछि | **१६** |
| २.२. भाग २: समुदायको फराकिलो समर्थनको लागि गैर आदिवासीहरूसंग परामर्श | **१७** |
| २.२.१. परियोजनाको क्षेत्र र परियोजनाले प्रभावित गैर आदिवासीको जनसंख्या निर्धारण | |
| २.२.२. चरण १: परामर्श गर्नु अघि | |
| २.२.३. चरण २: समुदायको फराकिलो समर्थनको लागि परामर्श | |
| २.२.४. चरण ३ : परामर्श गरिसके पछि | |

# ०१

# पृष्ठभूमि, उद्देश्य र अनुसन्धान विधि

## १.१. पष्ठभूमि

२०७५ सालको असोज २२ गते (सन् २०१८ को अक्टोबर ८)मा एफपिक तथा अधिकार मञ्चले युरोपियन ईन्भेष्टमेण्ट बैंक (ईआईबी)को गुनासो सुन्ने संयन्त्रमा सो बैंकको लगानीमा निर्माणाधिन मर्स्याङदी कोरिडोर २२० के.भि विद्युत प्रसारण लाईन परियोजनाबाट प्रभावित लमजुङ र मनाङका आदिवासीलगायतका समुदायहरूको तर्फबाट आ-आफ्नो पुर्ख्यौंउली भूमिमा उनिहरूको स्वतन्त्र अग्रिम जानकारी सहित मञ्जुरी (एफपिक) प्राप्त नगरिकनै परियोजना संचालन गरेको दाबीका साथ उजुरी गरेका थिए ।


२२० के.भि मर्स्याङदी कोरिडोर प्रशारण लाईन धेरै खण्डहरूमा विभाजित छः मनाङ जिल्लादेखि लमजुङ जिल्लाको खुदीसम्म खुदी (लमजुङ जिल्ला) देखि उदीपुर (लमजुङ जिल्ला) सम्म र त्यसपछि उदीपुरदेखि मार्की चोक (तनहुँ जिल्ला) सम्म र मार्की चोकदेखि भरतपूर (चितवन जिल्ला) सम्म ।

एफपिक तथा अधिकार मञ्च निर्माणाधिन २२० के.भि मर्स्याङदी कोरिडोरलगायत त्यस क्षेत्रमा निर्माणाधिन अन्य जलविद्युत परियोजनाहरूबाट प्रभावित समुदाय र आदिवासी सम्मिलित स्थानीय संघर्ष समितिहरूको छाता संगठन हो । परियोजनासंग सम्बन्धित सूचना जानकारी नदिई तथा आदिवासीबाट स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जुरी (एफपिक) प्राप्त नगरी तथा परियोजनाबाट प्रभावित गैरआदिवासी समुदायसंग समेत अर्थपूर्ण परामर्श नगरी परियोजना कार्यान्वयन गरिएकोले परियोजनाबाट प्रभावित आदिवासीहरू र गैर आदिवासीहरू समुदाय तहमा परिचालित भएर तथा समुदायगत तहमा समेत शाखा रहनेगरी जिल्लास्तरीय । एफपिक तथा अधिकार मञ्च गठन गरी संघर्ष गर्दै आएका छन् । स्थानीय स्तरका संघर्ष समितिहरू लमजुङ जिल्लाको धमिल कुवा अर्चलबोट खुदी र घेर्मुमासमेत गठन गरेका छन् । मनाङको तालमा भने संघर्ष समिति गठन गर्ने प्रक्रियामा रहेको छ । एफपिक तथा अधिकार मञ्चले त्यस क्षेत्रमा करिव १५०० जना समुदायका सदस्यहरू परियोजनाबाट प्रभावित रहेको अनुमान गरेको छ । प्रभावितहरूमध्ये करिव ७० प्रतिशत आदिवासी छन् । एफपिक तथा अधिकार मञ्चले आदिवासी जनजाति महासंघ-लमजुङ तथा लाहुर्निपको सहकार्य र सहयोगमा प्रतिनिधि चयनका साथै समुदाय परिचालन गर्ने कार्य गर्दै आएको छ ।

तलको नक्सामा माथि उल्लेखित केही प्रभावित समुदायहरूको स्थान देखाइएको छ । कालो घेराको चिन्हले परियोजनाको कागजातमा उल्लेख गरिएको भौगोलिक क्षेत्र प्रसारण लाईन र मुख्य टावरहरूको मार्ग चिन्ह देखाइएको छ ।

लाहुर्निप र एफपिक तथा अधिकार मञ्चले आदिवासी विज्ञहरूको सहयोगमा परियोजनाबाट प्रभावित आदिवासी र गैर आदिवासी समुदायका सदस्यहरूसंग परामर्श गरी मर्स्याङदी कोरिडोर परियोजनाका अधिकारी नेपाल सरकार उर्जा मन्त्रालयको साथै युरोपियन इन्भेस्टमेन्ट बैंकलगायतका बाह्य पक्षले आदिवासीहरूबाट कसरी स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जुरी (एफपिक) प्राप्त गर्नपर्छ भनी यो आलेख (प्रोटोकल) तयार गरेका हुन् । आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (युएनड्रिप) २००७ अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धी नं. १६९ र युरोपियन इन्मेस्टमेन्ट बैंकको आफ्नो वातावरणीय र सामाजिक मापदण्डमा आदिवासीबाट अनिवार्य रुपमा स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जुरी (एफपिक) प्राप्त गर्नुपर्ने उल्लेख गरिएको छ । गैर आदिवासी समुदायहरूबाट एफपिक प्राप्त गर्नपर्दैन ता पनि यि समुदायलाई पनि परियोजनासंग सम्बन्धित पूर्ण सूचना तथा जानकारी दिएर उनीहरूको अर्थपूर्ण सहभागीतामा यि समुदायको फराकिलो सर्मथन भने प्राप्त गर्नुपर्दछ । तसर्थ यो आलेख (प्रोटोकल) २ खण्डमा विभाजन गरिएको छः


पहिलो खण्डमा एफपिकसम्बन्धी आलेख (प्रोटोकल) र दोस्रो खण्डमा परामर्श आलेख (प्रोटोकल) रहेको छ ।











## १.२. अनुसन्धान विधि

आदिवासी विज्ञ, एफपिक तथा अधिकार मञ्च, लमजुङ, नेपाल आदिवासी जनजाति महासंघ-लमजुङ र लाहुर्निपको प्रतिनिधि सम्मिलित एक टोलीले लमजुङ जिल्लाको धमिल कुवा र अर्चलबोटका आदिवासी तथा स्थानीय समुदाय र लमजुङ जिल्लाकै घेर्मु र मनाङ जिल्लास्थित तालका आदिवासीहरूसंग २०७६ सालको बैशाख ११ देखि १६ गते (सन २०१९ अप्रिलको २४ देखि २९) सम्म स्थलगत अध्ययन गरेको थियो। लमजुङ र मनाङका आदिवासीको एफपिक आलेख (प्रोटोकल) तयार गर्नका लागि, एफपिकसम्बन्धी  आलेख (प्रोटोकल), अन्य स्रोत साधनहरू, परियोजनासंग सम्बन्धीत सूचना र परियोजनाको क्षेत्राधिकारलगायत अन्य स्रोतहरू लाहुर्निपको अनुरोधमा एकाउन्टेविलिटि काउन्सेलले अनुसन्धान गरी उपलब्ध गरायो । आदिवासी र स्थानीय समुदायसंग परामर्श गर्नुअघि आदिवासी विज्ञ, एफपिक तथा अधिकार मञ्च, नेफिन-लमजुङ र लाहुर्निपका प्रतिनिधिहरूले लमजुङ र मनाङ जिल्लामा परामर्श गर्नेबारेमा काठमाडौंमा एकदिने बैठक गरेका थिए । त्यसपछि, आदिवासी विज्ञ, एफपिक र अधिकार मञ्च, नेफिन-लमजुङ र लाहुर्निपको यिनै प्रतिनिधि सम्मिलित एक टोलीले २०७६ साल जेठ १० देखि १७ गते (सन् २०१९ मे २४ देखि ३१)सम्म लमजुङ जिल्लाको खुदी र घेर्मु तथा मनाङ जिल्लाको धारापानीका आदिवासीहरूसंग, त्यसैगरी धमिलकुवा, अर्चलबोटमा गैर-आदिवासी समुदायसंग र बाँभ्फोखेतका साथै लमजुङ सुन्दरबजारका प्रभावित आदिवासी तथा गैर-आदिवासी समुदायसंग, र बाँभ्फोखेतमा मिश्रित सामुदायिक छलफल भएको थियो। खासुरका प्रतिनिधिहरू भने बाँभ्फोखेतमा भएको सामुदायिक छलफलमा सहभागी भएता पनि खासुरमा सुमदायका सदस्यहरूसंग एउटा छुट्टै सामुदायिक छलफल गरिएको थियो । एकाउन्टाविलिटी काउन्सेलको प्रतिक्रिया र सहयोगमा आदिवासी विज्ञ, एफपिक तथा अधिकार मञ्च, लाहुर्निपका प्रतिनिधिहरूले छलफल गरी यो आलेख (प्रोटोकल) तयार गरिएको हो ।



# ०२

# आदिवासीहरूबाट स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी (एफपिक) र गैर आदिवासीहरूसंग परामर्श कार्यान्वयनको लागि प्रक्रियात्मक आलेख (प्रोटोकल)

आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, (युएनड्रिप)को प्रावधान अनुसार स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी (एफपिक) अनिवार्य हो जहाँ ५ पटक (धारा १०, ११, १९, २८ र २९) विशेषरुपमा उल्लेख गरिएको छ । धारा १९ र ३२ मा सम्बन्धित समुदायसंग परामर्श गर्नुपर्ने दायित्वको बारेमा उल्लेख गरिएको छ । अन्तर्राष्ट्रिय श्रम संगठनको आदिवासी तथा जनजाति महासन्धी नं. १६९ (आई.एल.ओ. १६९) मा पनि यो अधिकार सुनिश्चित गरिएको छ । महासन्धीको धारा ६ ले आदिवासीहरूसंग परामर्श लिनुपर्ने, परामर्शका लागि प्रतिनिधी चयन देखि सम्पूर्ण प्रक्रिया उनीहरूले निर्धारण गर्नपाउने अधिकारको सुनिश्चित गरिएको छ । त्यसैगरी २०७१ साल (सन् २०१४) मा भएको आदिवासीहरूको विश्व सम्मेलनबाट पारित परिणामपत्र (आउटकम डकुमेण्ट) मा पनि स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी आदिवासीको अधिकारको रुपमा उल्लेख छ । यि अन्तर्राष्ट्रिय कानूनी दस्तावेजहरू अनुसार आदिवासीहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर पुऱ्याउने कुनैपनि प्रशासानिक र कानूनी कदमहरूका बारेमा योजना, निर्णय, कार्यान्वयन र अनुगमनको चरण अगाडी सम्बन्धित आदिवासीहरूसंग मञ्जुरी प्राप्त गर्नुपर्ने प्रावधान छ ।

युरोपियन इन्भेष्टमेन्ट बैंकको लगानीमा २२० के.भी.को मर्स्याङदी कोरिडोर परियोजनाको कार्यान्वयन एफपिक प्राप्त नगरिकनै सुरु भइसक्यो । नेपाल धेरै अन्तर्राष्ट्रिय कानूनहरूको पक्ष राष्ट्र रहेको छ भन्ने यथार्थलाई याद गर्न पर्दछ । नेपालले २०६४ साल (सन् २००७) मा अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धी नं. १६९ अनुमोदन गऱ्यो, तथा आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा २ का साथै अन्य सम्बन्धित धाराहरूमा धारा १८, २७ र ४१), त्यसैगरी अन्तर्राष्ट्रिय श्रम संगठनमहासन्धी नं. १६९ (धाराहरू ६, ७ (१), १५), तथा जातीय भेदभाव उन्मूलन समिति (सर्ड)को आदिवासीको अधिकार सम्बन्धी आधारभुत सुझाव नं. २३ (अनुच्छेद ४घ) र आदिवासीहरूको विश्व सम्मेलनबाट पारित परिणामपत्र (अनुच्छेद ३ र २०) अनुसार परियोजनाबाट प्रभावित आदिवासी समुदायको स्वतन्त्र, अग्रीम जानकारी सहितको मञ्जुरी प्राप्त नगरिकन परियोजना सञ्चालन गर्न सक्दैनन् र सञ्चालन गर्न हुदैन । आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणपत्रको धारा १९ मा "राज्यहरूले सम्बन्धित आदिवासीहरू र उनीहरूको प्रतिनिधि संस्थाहरूसंग उनीहरूलाई असर गर्ने कुनैपनि कानूनी र प्रशासनिक उपायहरू अपनाउनु र कार्यान्वयन गर्नु अघि असल नियतकासाथ स्वतन्त्र, अग्रीम जानकारी सहितको मञ्जुरी प्राप्त गर्न परामर्श र सहकार्य गर्नेछन् ।" उल्लेख  छ, त्यसैगरी अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धी नं. १६९ को धारा ६(१)(क)अनुसार, "सरकारहरूले सम्बन्धित समुदायहरू र उनीहरूको प्रतिनिधिमुलक संस्थामार्फत् उचित प्रक्रिया अपनाएर आदिवासीहरूलाई प्रत्यक्ष असर गर्ने कुनैपनि कानूनी र प्रशासनिक उपायहरू कार्यान्वयन गर्नु अघि परामर्श गर्नेछन् ।" साथै अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धी नं. १६९ को धारा ६(२) बमोजिम, "यो महासन्धीको प्रयोग गरी कुनै पनि परमर्श गर्दाको बखतमा असल नियतका साथ र उपयुक्त परिस्थितिको प्रक्रियामार्फत् सम्झौतामा पुग्ने वा मञ्जुरी लिने उद्देश्यले परामर्श लिनुपर्दछ ।" आदिवासीहरूको विश्व सम्मेलनबाट पारित  परिणामपत्रको अनुच्छेद २०मा "आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणपत्रमा राज्यले गरेको प्रतिवद्धतालाई मान्यता दिदै, आदिवासीहरूको भूमि वा भू-भाग र  अन्य स्रोतमाथि असर पार्ने कुनै पनि परियोजना संचालनका लागि स्वीकृति प्राप्त गर्नुअघि, सम्बन्धित आदिवासीहरूसंग स्वतन्त्र, अग्रीम जानकारी सहितको मञ्जुरीका लागि असल नियतका साथ सम्बन्धित आदिवासीको प्रतिनिधिमूलक संस्थासंग असल नियतकासाथ परामर्श तथा सहकार्य गर्नुपर्दछ" भनिएको छ ।

यद्यपि स्वतन्त्र, अग्रीम जानकारी सहितको मञ्जुरीसम्बन्धी यो आलेख (प्रोटोकल)आदिवासीसंग मञ्जुरी प्राप्त गर्नेबारे सम्बन्धित भएपनि, व्यावहारिक प्रयोजनको लागि र केही आदिवासीको भूमि  तथा  भू-भागमा आदिवासी र गैर आदिवासी समुदाय दुवैको मिश्रित समुदायको बसोबास भएको भुइँतहको अवस्था भएको र परियोजनाले आदिवासी र गैर आदिवासी समुदाय दुवैलाई, विशेषगरी बाहुन, क्षेत्री र दलित समुदायलाई समेत असर गरेको छ भने परियोजनाको लागि उनीहरूको सहयोग पनि आवश्यक पर्दछ । गैर आदिवासी समुदायको हकमा अर्थपूर्ण परामर्शका लागि समुदायमा फराकिलो समर्थनतर्फ लैजाने अर्थपूर्ण परामर्श आवश्यक छ ।

### युरोपियन इन्भेष्टमेन्ट बैंकको आफ्नै सामाजिक र वातावरणीय मापदण्डको नं. ३२ अनुसार,

"यो एफपिक प्रक्रियाले प्रस्तावित हस्तक्षेपलाई सम्बन्धित आदिवासीहरूले मञ्जुर वा नामञ्जुरको परिणाम ल्याउनुको साथै न्यूनीकरण र उपचारात्मक उपायहरू तथा लाभको बाँडफाँडको सहमतिसमेत भएको विवरण आउनु पर्दछ । खासमा यो नै मुख्य दस्तावेज हो जस्ले परियोजनाको तहमा आदिवासीहरूको आर्थिक, सामाजिक र साँस्कृतिक विकास तथा वातावरणीय संरक्षणमा निम्ति प्राथकितालाई उनीहरूको परम्परागत संस्कृति, ज्ञान, र अभ्यासहरूमा आधारित रहेर संरक्षण गर्दछ । यो उनीहरूमा अन्तरनिहित आत्मनिर्णयको अधिकारको अभ्यासको लागि आधारशीला हो । जहाँ युरोपियन इन्भेस्टमेन्ट बैंकको लगानीमा सम्पन्न गर्ने परियोजनालाई आतिथ्यता दिने सरकारले स्वीकृत गरिसकेको खण्डमा, परियोजनाको प्रर्वद्धकहरूले एफ्पिकको प्रक्रियामार्फत् सम्बन्धित आदिवासीहरूबाट स्वतन्त्र, पूर्व जानकारी सहितको मञ्जुरी कुन तहहरू र प्रकृतिमा पाएको हो तथा युरोपियन इन्भेन्टमेन्ट बैंकको मापदण्डअनुसार न्यूनीकरणका उपायहरू र लाभको बाँडफाँडको पर्याप्तता तथा पालना भए नभएको प्रमाणिकरण गर्नु पर्दछ ।"





मञ्जुरी प्राप्त गरिसके पछि

चरण ३

मञ्जुरी

चरण २

मञ्जुरी प्राप्त गर्नु अघि

चरण १

एफपिक प्रक्रियाका ३ चरणहरू छन् ।
१) मञ्जुरी प्राप्त गर्नु अघि, २) मञ्जुरी र ३) मञ्जुरी प्राप्त गरिसके पछि ।

# २.१.

# भाग १: आदिवासीसंग सम्बन्धित एफपिक आलेख (प्रोटोकल)

# २.१.१.

# चरण १: मञ्जुरी प्राप्त गर्नु अघि

नेपाल सरकार २२० के.भी. मर्स्याङदी कोरिडोर परियोजनाको अन्तिम रुप दिनुअघि आदिवासीहरूसंग मञ्जुरी प्राप्त गर्ने काम गरेन तथा नेपाल सरकार र युरोपियन इन्भेष्टमेन्ट बैंक दुवैले परियोजनाको कार्यान्वयन सुरु हुनु अघि उनीहरूको मञ्जुरी प्राप्त गरेनन् । परियोजनाका अधिकारीहरूले एफपिकको प्रक्रिया अन्तर्गत प्रारम्भिक चरणमा गर्नु पर्ने समुदायलाई परियोजनाका बारेमा जानकारी दिने, त्यसैगरी पहिला नै गैरसरकारी संस्था र वकिलहरूसंग स्वतन्त्र रुपमा कानूनी र प्राविधिक सल्लाहहरू लिने, परियोजनाका बारेमा समुदायहरूलेलिने निर्णयका बारेमा समुदायले कसरी निर्णय गर्न चाहन्छ भनेर निर्णय गर्नेलगायतका धेरै प्रारम्भिक चरण तथा गतिविधिहरू गर्न चुकेको थियो । यि गल्तीहरू सच्याउन आवश्यक छ । बाँकी मञ्जुरी लिनु अघिका चरणहरू निम्न अनुसार छन्:

### २.१.१.१. आदिवासीहरूबाट मञ्जुरी प्राप्त नभएसम्म परियोजना स्थगन गर्ने

नेपाल विद्युत प्राधिकरण र युरोपियन इन्भेष्टमेन्ट बैंक दुवैले परियोजना छिटो भन्दा छिटो कार्यान्वयन गर्ने अभिप्राय राखेतापनि आदिवासीहरूबाट मञ्जुरी प्राप्त नभएसम्म नेपाल विद्युत प्राधिकरण र युरोपियन इनभेष्टमेन्ट बैंकका अधिकारीहरूले परियोजनासम्बन्धी सम्पूर्ण कामहरू स्थगन गर्नुपर्दछ ।

यसको सट्टा, परियोजनाका अधिकारीहरूले जग्गा धनी र एफपिक र अधिकार मञ्चलाई पूर्व जानकारी बिना मुड्का (टावर प्याड) निर्माणका लागि वेसीशहरको वडा नं ११ स्थित रामचोक फाँटमा डोजर चलाएका छन् । जग्गाधनी र एफपिक तथा अधिकार मञ्चको विरोधपछि उनीहरूले आफ्ना गतिविधिहरू बन्द गरे । यस एफपिक आलेख (प्रोटोकल) तयार गर्न स्थलगत अध्ययन गरेपछि, युरोपियन इन्भेष्टमेन्ट बैंकका दुईजना अधिकारीहरू खुदी, बेलौती, विसौनी र उदीपुरमा परियोजना अधिकारी र स्थानीय राजनीतिक प्रतिनिधिहरूसंग परामर्शका लागि पुगेका थिए तर परियोजनाबाट प्रभावितहरू र एफपिक र अधिकार मञ्चका प्रतिनिधिहरूसंग बैठक भने छलेर गरेन ।

### २.१.१.२. परियोजनाका क्षेत्रहरू र परियोजनाबाट प्रभावित समुदाय निर्धारण गर्ने

स्वतन्त्र, अग्रीम जानकारी सहितको मञ्जुरी (एफपिक) प्रक्रिया संचालनका लागि प्रस्तावित परियोजनाको क्षेत्र तथा प्रभावित आदिवासी र अन्य जातजातिका व्यक्तिहरू निर्धारण गर्नुपर्दछ । यस एफपिक आलेख (प्रोटोकल) तयार गर्न स्थलगत अध्ययनको क्रममा कतिवटा मुड्का अथवा टावरहरू निर्माण गरिने, कुन कुन क्षेत्रमा टावर निर्माण गरिने, प्रशारण लाईनको बाटोको अधिकार (राइट अफ वे) कुन जग्गामाथी पर्ने, र परियोजनाको प्रभावहरू लगायत परियोजनाका बारेमा आदिवासी र गैर-आदिवासीहरूले कुनै पनि सूचना तथा जानकारी नपाएको बताएका थिए । उनीहरू र एफपिक र अधिकार मञ्चले प्राप्त गरेका थोरै जानकारीका आधारमा एफपिकको उद्देश्यका लागि समुदायस्तरको परामर्श बैठकहरूको सहभागीहरूले निम्न उल्लेखित भौगोलिक क्षेत्रहरूमा विभाजन गर्न सुझाब दिएका थिए:

#### क) एफपिक समूह (क्लस्टर) १: मनाङको धारापानी:

मनाङका आदिवासीहरूले सबैको सुबिधाको लागि धारापानीमा सामुदायिक बैठक संचालन गर्न सुझाव दिएका थिए । परियोजनाबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा प्रभावित गुरुङ (तमु) र घले आदिवासीहरू विशेषगरी नासों गाउँपालिकाको ताल (वडा नं १), नाचे (वडा नं २), धारापानी (वडा नं ३), घेलान चोक (वडा नं ४), थोंचे (वडा नं ५), ताचै (वडा नं ८), वगरछाप र दानाक्यु (वडा नं ९) लाई आफ्नो भू-भाग मान्दछ जहाँ कुल जनसंख्यामध्ये उनीहरूको अत्यधिक बाहुल्यता छ । यस क्षेत्रमा थोरै जनसंख्या तिब्बती लामा र दलित (कामी र दमाई)को बसोबास रहेको छ । तिब्बती लामा र दलित समुदायका सहभागीहरूले उनीहरूसंग छुट्टै परामर्श र फराकिलो सामदायिक समर्थनमा लैजाने गरी परामर्श गर्न आवश्यक छैन भनेका थिए । उनीहरू गुरुङ (तमु) र घले आदिवासीहरूसंग गरिएको परामर्श बैठकमा सहभागी हुने बताए । गुरुङ (तमु) र घलेका प्रतिनिधिहरूले सबै बैठक र सामुहिक निर्णयहरू गर्दा पनि अन्य जाति र समुदायका प्रतिनिधिहरूलाई सधैं सहभागीता गराएको बताए ।



#### ख) एफपिक समूह (क्लस्टर) २: तलमजुङको घेर्मु:


मर्स्याङदी गाउँपालिकाले लमजुङका दुई बस्तीका वडा नं ५ घेर्मु र वडा नं. ४ जगतर च्याम्चे, शिर चौर र स्याङ्गेका सबै आदिवासीहरूको सामुहिक बैठक घेर्मुमा गर्दा सबैलाई सुबिधाजनक हुने भएकोले घेर्मुमै संचालन गर्न सुझाएका थिए । यि वस्तीहरूमा, परियोजनाबाट प्रभावित आदिवासीहरू गुरुङ (तमु), घले र तामाङहरूको अत्यधिक बाहुल्यता रहेको छ । जगतमा एकघर मात्रै थकालीको रहेको छ । परियोजनाबाट प्रभावित केही दलित परिवारका छन्, घेर्मु उनीहरूको संख्या तुलनात्मक रुपमा बढी छ । यी बस्तीहरूमा बाहुन र क्षेत्रीको बसोबास छैन । परामर्श बैठकको बेला, दलित र आदिवासीका सहभागीहरूले समुदायको व्यापक समर्थनको लागि गैर आदिवासीहरूसंग छुट्टै परामर्श गरि राख्नु नपर्ने बताए किनभने आदिवासीहरूसंग सामुहिक बैठक गरिएको परामर्श बैठकमा उनीहरू सहभागी हुने र आदिवासीहरूले सामुहिक रुपमा गरेको निर्णयहरू उनीहरूलाई मान्य हुने बताए ।

घेर्मु एक दुर्गम बस्ती हो, जुन बेसीसहरबाट करिव साँढे दुई घण्टा टाढा मनाङ जिल्लाको सिमाना नजिकै पर्दछ । यो दुर्गम स्थानमा पर्ने भएकोले परियोजनाको बारेमा जानकारी नपाएको र परियोजना र वरपरका विद्यमान न्यून क्षमताको विद्युत प्रसारण लाईन र जीएमआर कम्पनीले सञ्चालन गर्न लागेको सम्भावित माथिल्लो मर्स्याङ्दी जलविद्युत परियोजनालगायतका अन्य परियोजनाहरूले सँगै खप्टिदै पार्ने असरहरूको बारेमा पनि केही जानकारी नपाएको भनि चरम निराशा व्यक्त गरेका छन् । यो प्रसारण लाईन मनास्लु सामुदायिक वन हुँदै जान्छ, जुन समुदायले घाँस, दाउरा र अन्य प्रयोजनका लागि प्रयोग गर्दछन् ।

#### ग) एफपिक समूह (क्लस्टर) ३: लमजुङको खुदी:

लमजुङको मर्स्याङदी गाउँ पालिकाको वडा नं. ३ को खुदीमा भएको परामर्श बैठकमा सहभागीहरूले एफपिक वैठक लमजुङको खुदीमा गर्न सुझाव दिएका थिए । प्रभावित आदिवासीहरू गुरुङ (तमू), घले, तामाङ र भुजेल रहेका छन् । त्यहाँ धेरै क्षेत्रीहरूको पनि वसोबास छ, साथै बाहुन र दलित (विश्वकर्मा)हरूपनि परियोजनाबाट प्रभावित बनेका छन् । त्यसकारण खुदीमा आदिवासीहरूसंग स्वतन्त्र, अग्रीम जानकारी सहितको मञ्जुरी (एफपिक) प्रक्रिया र गैर-आदिवासीहरूसंग समुदायको फराकिलो समर्थनको लागि परामर्श छुट्टा छुट्टै गरिनुपर्दछ ।

खुदी, भुलभुले र छिमेकी क्षेत्रका समुदायहरू जलविद्युत उत्पादन परियोजनाको सिनो हाइड्रोको ५० मेगावाट माथिल्लो मर्स्याङदीको बाँध (फोटो) क्षेत्र नजिकै बसोबास गर्दछन् । उनीहरू खुदी सबस्टेशनसंग जोडिएको करिब ५ वटा भन्दाबढी बिद्युत प्रशारण लाईनबाट प्रभावित भएको बताए । उनीहरूमध्ये केहीले उनीहरूको पूर्व जानकारी वा परामर्श विना उनीहरूको जमिनमा एकदिन चिन्ह लगाएको देखेपछि मात्र २२० केभी मर्स्याङदी कोरिडोरको बारेमा थाहा पाए पछि पनि कुनै स्पष्टीकरण नदिएको बताए । कमजोर तरिकाले कार्यान्वयन गरिएको धेरै जलविद्युत परियोजनाहरू, विशेषगरी प्रशारण र वितरण लाईनले उनीहरूको समुदायलाई असर गर्ने भएकोले समुदायका सदस्यहरू निराश भएका छन् ।



#### घ) एफपिक समूह (क्लस्टर) ४: तलमजुङको खासुर:

बक्स भित्र उल्लेख भएअनुसार खासुर बस्तीका आदिवासीहरूबाट स्वतन्त्र, अग्रीम जानकारी सहितको मञ्जुरी प्राप्त गर्नका लागि एफपिक बैठक खासुरमा गर्न सुझाव दिन्छौं किनभने खासुरमा गुरुङ (तमू) र घले आदिवासीहरूको मात्रै बसोबास रहेको छ ।

खासुर गुरुङ (तमु) आदिवासीको परम्परागत गाउँ हो । यो अरु गुरुङ (तमु) गाउँ जस्तै पहाडको डाँडामा झुप्प बस्तीको रुपमा रहेको छ, जहाँ धेरैजना बसोबास गर्दछन् । उनीहरूले डाँडामुनिको जमिन परम्परागत रुपमा सामाजिक, साँस्कृतिक, आर्थिक र अन्य प्रयोजनको लागि प्रयोग गर्दछन् । केहि वर्ष यता, खासुरका मानिसहरू आधुनिक जीवनका आवश्यकताहरू पूर्ति गर्नका साथै स्कुल र अन्य सार्वजानिक स्रोतको पहुँचको लागि माथि डाँडाबाट तलतिर बसाई सर्ने क्रम बढेको छ । खासुरबासीहरू उनीहरूको पुर्ख्यौली भूमिमा उनीहरूको मञ्जुरी वा परामर्शबिना जलविद्युत परियोजनाहरू बढ्दै गएको कारण चिन्तित छन् । २२० के.भि मर्स्याङदी परियोजनाको सम्बन्धमा खासुरबासीहरू मर्स्याङदी नदी छेउको पुर्ख्यौली जंगल र जमिनमा परियोजना र यसका कार्यले असर गर्ने भएको कारणले चिन्तित छन् । खासुरमा बसोबास गर्ने धेरैजनाको खेतीपाती गर्ने जमिन बस्तीभन्दा तल लेते फाँटमा छ भने करिव २० घरपरिवार मर्स्याङदी नदी छेउमा छन् । २२० के.भी. मर्स्याङदी कोरिडोर, लेतेफाँटमा पहिले नै निर्माणाधिन १३२ के.भी. भुलभुले मध्ये मर्स्याङदी लाईनसंग समानान्तर रुपमा निर्माणधिन रहेको छ । समुदायहरू यी दुई प्रशारण लाइनहरूको बीच चेपुवामा परेका छन्, तथा तिनले स्वास्थ्य र सुरक्षामाथि असर पार्ने भएकोले चासो ह्वात्तै बढाएको छ । धेरै प्रसारण लाईनहरूले जमिनको थप अवमूल्यन हुने, समुदायहरूलाई खण्डीत गर्ने र संसाधनमा समुदायको पहुँचमाथि असर गर्ने उनीहरूको भनाई रहेको छ ।

### २.१.१.३. एफपिक प्रक्रिया कार्यान्वयन समिति र अध्ययन सञ्चालन

प्रत्येक आदिवासीको समूह (क्लस्टर)का प्रतिनिधि, नेपाल विद्युत प्राधिकारण, युरोपियन इन्भेष्टमेन्ट बैंक, एफपिक तथा अधिकार मञ्च, आदिवासी जनजाति महासंघ-लमजुङ र लाहुर्निपका प्रतिनिधिहरू सम्मिलित स्वतन्त्र, अग्रीम जानकारी सहितको मञ्जुरी (एफपिक) प्रक्रिया संचालन समिति गठन गरिनुपर्दछ । प्रत्येक समुह (क्लस्टर) र आदिवासीको संघसंस्थाबाट कम्तीमा एक महिला पर्ने गरी दुईजना प्रतिनिधिहरू (आफै बिच चुनेर) पठाउनुपर्नेछ । यो समितिले नै यो आलेख (प्रोटोकल)मा भने बमोजिम सम्पूर्ण गतिविधिहरू कार्यान्वयन गर्नेछ ।

आदिवासीहरूको विकास योजना (आईपिडिपी) आदिवासीहरूका सहभागिता, परामर्श र मञ्जुरीमा निर्माण गर्नु पर्दछ जुन युरोपियन इन्भेष्टमेन्ट बैंकको सामाजिक र वातावरणीय मापदण्ड अनुसार  जरुरी हो । यो अहिले सम्म भए, गरेको छैन र विद्यमान प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मूल्यांकन आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र २००७ र अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धी नं. १६९ अनुरुप गरिएको छैन । आदिवासी विज्ञ, एफपिक तथा अधिकार मञ्च, आदिवासी जनजाति महासंघ-लमजुङ र लाहुर्निपका प्रतिनिधिहरूले आदिवासी माथि पर्ने प्रभावहरूको छुट्टै मूल्यांकन गर्नुपर्दछ ।

प्रारम्भिक वातावरणीय परिक्षण गर्ने समाजशास्त्रीय पृष्ठभूमि भएको सामाजिक अर्थशास्त्रीसहितको अनुसन्धान टोलीमा ६ जना विज्ञहरू बाहुन जातका मात्र थिए (प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको तालिका ५.२. हेर्नुहोस) । त्यसैगरी वातावरण तथा सामाजिक अध्ययान विभाग, भक्तपुरले वातावरणीय प्रभाव मूल्यांकन गरेको थियो । अध्ययन टोलीको नामहरू अध्ययन प्रतिवेदनमा राखिएको छैन । बैठकमा उपस्थित केही सहभागीहरूका अनुसार वातावरणीय प्रभाव मूल्यांकन अनुसन्धान टोलीमा ४ जना बाहुन पुरुषहरू थिए । तसर्थ यो अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा कुनै पनि आदिवासी विज्ञ वा आदिवासीको क्षेत्रमा ज्ञान भएको सामाजशास्त्री तथा अर्थशास्त्री अथवा आदिवासीको क्षेत्रमा ज्ञान भएको विज्ञ सहभागी नभएको देखिन्छ र यो दुईटा अध्ययन जस्ले गरे उनिहरूमा आदिवासी र उनीहरूको अधिकारका बारेमा नगन्य ज्ञान भएको देखिन्छ । त्यसकारण, सरकार (नेपाल विद्युत प्राधिकरण) र युरोपियन इन्भेष्टमेन्ट बैंक दुवैले आदिवासीमाथि परियोजनाले पार्ने प्रभावको छुट्टै अध्ययन गर्न जरुरी छ र एफपिक तथा अधिकार मञ्चले सहमति जनाएको आदिवासी विज्ञको टोलीले परियोजनाबाट विस्थापितहरूलाई क्षतिपूर्ति र पुनर्स्थापनासहितको स्पष्ट योजना बनाउन जरुरी छ । यस्तो अध्ययनलाई धेरै समय लाग्न सक्छ तर आदिवासीहरूले त्यस्तो सूचना र जानकारी बिना निर्णय गर्न सक्दैनन् ।

युरोपियन इन्भेष्टमेन्ट बैंकले आदिवासी विज्ञ, एफपिक तथा अधिकार मञ्च, आदिवासी जनजाति महासंघ-लमजुङ र लाहुर्निपको प्रतिनिधि सम्मिलित टोली गठन गरी आदिवासी र अन्य समुदायहरूमा पार्ने समग्र प्रभाव मूल्यांकन गर्न जरुरी छ र सो अध्ययन आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघिय घोषणापत्र  र अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धी नं. १६९ को प्रावधान अनुरुप हुन जरुरी छ ।

गुनासोलाई निवारण गर्ने कुनै प्रभावकारी संयन्त्र पनि छैन । यो संयन्त्र, यस्को प्रक्रिया र प्रणाली स्वतन्त्र, अग्रीम जानकारी सहितको मञ्जुरी (एफपिक) प्रक्रिया, आदिवासी विज्ञ, एफपिक तथा अधिकार मञ्च, आदिवासी जनजाति महासंघ-लमजुङ र लाहुर्निपको प्रतिनिधिसंगको परामर्श र सहभागीतामा बनाउनुपर्दछ ।

### २.१.१.४. एफपिकको लागि स्वतन्त्र वातावरण सुनिश्चितता

नेपाल विद्युत प्राधिकरण, परियोजना अधिकारीहरू र युरोपियन इन्भेष्टमेन्ट बैंकले मनाङको धारापानी, लमजुङको घेर्मु, खुदी र खासुर गरी ४ वटा क्षेत्रहरूमध्ये हरेकमा समुदायिक बैठकहरू गर्नु पर्दछ । परियोजना  अधिकारीहरू, नेपाल विद्युत प्रधिकरण, प्रमुख जिल्ला अधिकारी, राजनीतिक दलका स्थानीय नेता, संघीय, प्रान्तीय र स्थानीय सरकारहरूको सहभागीतामा आदिवासी र स्थानीय समुदायमाथि बिना जबरजस्ती, धम्की, बल, दबाब, डर, अनुचित प्रोत्साहन, षडयन्त्र, छल र धोका तथा आदिवासीमाथी फुटाउ र शासन गर भन्ने नीति नलिई ति बैठकहरू संचालन गरिनुपर्दछ । यदि त्यस्ता कुनैपनि घटनाहरू भएको थाहा पाइएमा, युरोपियन इन्भेष्टमेन्ट बैंकको प्रतिनिधिको साथै एफपिक तथा अधिकार मञ्च, आदिवासी जनजाति महासंघ-लमजुङ र लाहुर्निपको प्रतिनिधिहरूको संयुक्त समितिद्वारा अनुसन्धान गर्न जरुरी छ,[1] र निम्न उल्लेखित कदमहरू उठाउनु पर्दछ :


- यदि आदिवासीहरूले स्वतन्त्रपूर्वक आफ्नो मञ्जुरी दिने अवस्था नभएको प्रमाणित भएमा त्यस्ता गतिविधिहरू रोक्नको लागि युरोपियन इन्भेष्टमेन्ट बैंकले नेपाल विद्युत प्रधिकरण र परियोजना अधिकारीहरूसंग यस्तो गतिविधिहरू रोक्ने सुनिश्चितताको लागि आवश्यक र पर्याप्त कदम चाल्न सञ्चार सम्पर्क गर्न पर्दछ, तथा नेपाल विद्युत प्राधिकरणले पनि आदिवासीहरूले स्वतन्त्र रुपमा सहमति दिन सक्छ भनेर युरोपियन इन्भेष्टमेन्ट बैंकलाई जानकारी गराउनुपर्दछ । त्यसपछि परियोजनाका अधिकारीहरूले यस्ता उजूरी तथा समस्याहरू छैन भन्ने सुनिश्चितता गरी सामुदायिक बैठक राख्नुपर्दछ र सो बैठकहरूमा आदिवासीहरूले निर्धक्क साथ स्वतन्त्र रुपमा मञ्जुरी दिन सक्ने हुनु पर्दछ ।
- यदि समस्या कायम रही रहेमा माथिका कदमहरू पुनः दोहोर्‍याउनु पर्दछ, र यदि एफपिक प्रक्रियाको कुनै पनि बेला यस्तो समस्या रहेमा, प्रक्रिया रोक्नु पर्दछ र समस्याको समाधान गरी उपयुक्त वातावरण सृजना गर्नु पर्दछ, जहाँ आदिवासीहरूले स्वतन्त्रपूर्वक एफपिक प्रक्रियामा सहभागी हुन र मञ्जुरी दिन सकुन् ।

### २.१.१.५. आदिवासीहरूले बुझ्ने भाषामा सूचना र जानकारीहरू प्रचारप्रसार


नेपाल विद्युत प्राधिकरण र युरोपियन इन्भेष्टमेन्ट बैंकले सामुदायिक बैठकहरूमा छलफल गर्नको लागि परियोजनासंग सम्बन्धित उपलब्ध सबै कागजातहरू (जुन तल उल्लेखित छन्) आदिवासीहरूले बुझ्ने भाषाहरूमा प्रदान गनुपर्दछ । समुदायिक बैठकहरूको सबै खर्चहरू (अनुवाद र अनुवादकको खर्च समेत) सबै युरोपियन इन्भेष्टमेन्ट बैंक र नेपाल विद्युत प्राधिकरणले व्यहोर्नुपर्दछ ।

परियोजनासंग सम्बन्धित सबै योजना र कागजातहरू, विस्तृत जानकारीहरू जसमा मुडका (टावर) सम्बन्धी जानकारी (कतिवटा, कुन ठाउँमा), मार्गाधिकार (राईट अफ वे) (मिटरमा), मुआब्जा तथा क्षतिपूर्ति (जग्गा खरिद तथा आवास, खेती, औद्योगिक वा व्यापारीक प्रयोजनको लागि प्रयोग भएको भूमिको लागि), लाभ बाँडफाँड (सहभागितामूलक), वातावरणीय र सामाजिक प्रभाव मूल्याङ्कन तथा नक्साङ्कन, युरोपियन इन्भेष्टमेन्ट बैंकको परियोजनासंग सम्बन्धित सबै कागजातहरू जस्मा युरोपियन इन्भेष्टमेन्ट बैंकको वातावरणीय र सामाजिक सिद्धान्तहरू तथा मापदण्डको विवरण, युरोपियन इन्भेष्टमेन्ट बैंकको वातावरणीय र सामाजिकसम्बन्धी हाते पुस्तिका, युरोपियन इन्भेष्टमेन्ट बैंकको आदिवासीसम्बन्धी नीति तथा योजनाहरू, युरोपियन इन्भेष्टमेन्ट बैंकले नेपाल सरकार (नेपाल विद्युत प्राधिकरण)संग गरेको सम्झौतापत्र र खष्टेको प्रभाव मुल्याङ्कनहरूलगायत सबै सूचनाहरू पारदर्शी रुपमा समुदायहरूलाई उपलब्ध गराउनुपर्दछ । तर, आदिवासी समुदायका सदस्यहरू तथा एफपिक तथा अधिकार मञ्च र युनेस्को स्थानीय शाखाहरू कसैले पनि यी कुनैपनि कागजातहरू प्राप्त गरेका छैनन् ।

नेपाल विद्युत प्राधिकारण र युरोपियन इन्भेष्टमेन्ट बैंकबाट असल नियतका साथ उपलब्ध नगराए पनि एफपिक तथा अधिकार मञ्चले



1 नेपाल आदिवासी जनजाति महासंघ (नेफिन)लाई राजनीतिक दलहरूले सहबरण गरेको र अति केन्द्रीकृत भएकोमा आलोचित  छ । अपवादको रुपमा नेफिनका केही स्थानीय शाखाहरू, उदाहरणको लागि नेफिन-लमजुङले समुदायको विश्वास जितेर राजनीतिक दलप्रति पूर्वाग्रही नभैकन समुदायमा काम गरिरहेको  छ । त्यसकारणले, समुदायहरूले आदिवासी जनजाति महासंघ-लमजुङलाई कार्यान्वयन समितिको सदस्यको रुपमा राख्न चाहन्छन् ।



केहि कागजातहरू माग गरेपछि मात्र प्राप्त गरेको छ, जस्मा परियोजनाका बारेमा जानकारीपत्र, प्रारम्भिक वातावरणीय परिक्षण, वातावरणीय प्रभाव मूल्यांकनसम्बन्धी मस्यौदा प्रतिवेदन, र मुड्का (टावर)हरूको संख्या, जग्गाधनी र मुड्का (टावर) कहाँ कहाँ राख्ने बारे सूचनाहरू छन् । प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मूल्यांकनसम्बन्धी मस्यौदा प्रतिवेदन दुवै अङ्ग्रेजी भाषामा छन् भने केवल सारांश मात्र खस नेपाली भाषामा लेखिएको छ। नेपाल विद्युत प्राधिकारण र युरोपियन इन्भेष्टमेन्ट बैंकले परियोजनासंग सम्बन्धित सबै कागजातहरू समुदायले बुझ्ने भाषा खस नेपालीको अलवा तमु (गुरुङ), लिल काई र तामाङ भाषालगायतमा अनुवाद गरी समुदायलाई उपलब्ध गराउनुपर्दछ। सामुदायिक बैठकहरूमा नेपाल विद्युत प्राधिकरण परियोजना अथवा युरोपियन इन्भेष्टमेन्ट बैंकले अङ्ग्रेजी र खस नेपाली भाषाबाट समुदायको मातृभाषामा अनुवाद गर्ने सुविधा उपलब्ध गराउनुपर्दछ । अङ्ग्रेजी र खस नेपाली भाषाबाट मातृभाषामा अनुवाद गर्ने व्यक्तिहरू आदिवासीको मुद्दा र विषयवस्तुको बारेमा जानकार हुनुपर्दछ।

युरोपियन इन्भेष्टमेन्ट बैंक र सरकार/नेपाल विद्युत प्राधिकरणले आदिवासीहरूलाई अहिलेसम्म उपलब्ध नगराएको निम्न लिखित सूचना र जानकारीहरू माथी उल्लेखित भाषामा उपलब्ध गराउनुपर्दछ :

- प्रस्तावितमुड्का (टावर)हरू र तिनको संख्या र स्थानको साथै प्रभावित जग्गा धनीहरूको नाम ।
- मार्गाधिकार (राईट अफ वे): विद्यमान नेपाल विद्युत प्राधिकरणको मार्गाधिकार (राइट अफ वे) सम्बन्धी नीति विचको विन्दुबाट दुवै दायाँ र वायाँ तर्फ १५ मिटर छ । तर एकाउन्टाविलिटी काउन्सेल र लाहुर्निपले उच्च भोल्टेज प्रशारण लाईनसम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यास सम्बन्धमा गरेको अध्ययनले अन्तर्राष्ट्रिय तहमा मार्गाधिकार (राईट अफ वे) २०० मिटर रहेको देखाएको छ ।[2]
- क्षतिपुर्ति: विद्यमान नेपाल विद्युत प्राधिकरणको क्षतिपुर्तिसम्बन्धी २ वटा अभ्यासहरू रहेका छन् । एउटा मुआब्जा दिने (जमिनको लागतको क्षतिपुर्ति) र अर्को चाहि क्षतिपुर्ति (जमिनबाट आम्दानी हुने उपभोग्य बस्तुको क्षतिपुर्ति दिने) । मुआब्जा दिनेपनि २ प्रकारका छन् । एउटा जग्गाको बदला उस्तै आम्दानी हुने जग्गा दिने र अर्को चाहि क्षतिपुर्तिको रुपमा पैसामा दिने । पहिलो मुआब्जा, भूमिको सट्टा भूमि दिने कानूनले प्राथमिकता दिएको र आदिवासीबाट पनि अपेक्षित कुरा हो । व्यवहारमा, मुआब्जा मुड्का (टावर)मुनि पर्ने जग्गाको बदलामा जग्गा खरिद गर्न दिइन्छ भने क्षतिपुर्ति चाहि बाटोको अधिकार (राईट अफ वे)भित्र पर्ने घर, भवन, व्यावसायिक वा औद्योगिक गतिविधि वा खेतीपाती आदिको लागि दिइन्छ। अहिलेको प्रचलन चाहि शोषणकारी छ, किनभने जग्गा धनीले आफ्नो जग्गाको मूल्य निर्धारण गर्न पाउदैन । बरु सरकारले बजार मूल्यको आधारमा जग्गाको मूल्य निर्धारण गर्न समुदायको सहभागीता बिना समिति बनाउँदछ । तर व्यवहारमा भने एकदम कम मूल्य निर्धारण गरिन्छ। बाटोको अधिकार (राईट अफ वे) मा पर्ने करिव १० देखि २० प्रतिशत जग्गाको मूल्य मात्र क्षतिपुर्तिको रुपमा दिइन्छ । अभ्यासमा, अक्सर राजनीतिक दलसंग संलग्न व्यक्तिलाई ठुलो मात्रामा क्षतिपुर्ति प्रदान गरिन्छ र केही अन्य मानिसहरूलाई फुटाऊ र शासन गर भन्ने नीति लागू गरी नाम मात्रको क्षतिपुर्ति दिइदै आएको छ। एफपिक तथा अधिकार मञ्चले पटकपटक प्रमुख जिल्ला प्रशासन अधिकारीलाई क्षतिपुर्ति पाउनेहरूको तथ्यांक उपलब्ध गराउन माग गर्दै आएको छ तर अहिलेसम्म त्यस्तो कुनै पनि तथ्यांक दिएको छैन। जग्गा र सम्पत्तिको मूल्यांकनमा आदिवासीको प्रतिनिधित्व गरिदैन । त्यसकारण युरोपियन इन्भेष्टमेन्ट बैंक र सरकारले जग्गा मूल्यांकन समितिको सदस्यहरूको बारेमा र प्रतिनिधित्वको बारेमा तथा उचित प्रक्रियाका बारेमा जानकारी दिनुपर्दछ ।
- परियोजनाले आदिवासीका साँस्कृतिक सम्पदा र भौतिक साँस्कृतिक संसाधनलाई सम्भावित पूर्ण क्षति पुऱ्याउन सक्ने: संस्कृतिक सम्पदामा पवित्रस्थल, जस्तै चिहानघारी, गुम्बा, र पवित्र नदी (मनाङको ताल) आदि पर्दछन् । यि सम्पदा क्षेत्रहरू पर्याप्त रुपमा प्रारम्भिक प्रभाव परिक्षण र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनहरूमा पर्याप्त मात्रामा उल्लेख गरेका छैनन्। साँस्कृतिक सम्पदा र भौतिक साँस्कृतिक संसाधनमाथि परियोजनाले पार्ने असरको बारेको बिस्तृत जानकारी वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा समावेश गर्नका लागि आदिवासीले युरोपियन इन्भेष्टमेन्ट बैंकलाई प्रदान गर्नुपर्दछ ।
- परियोजनाले विस्थापित गर्ने सम्भावित अदिवासीका परिवारको संख्या ।
- आदिवासीहरूले पाउन सक्ने जम्मा लाभको निश्चित प्रतिशतको आधारमा लाभको बाँडफाँडका साथै उनीहरूले यसबारे गर्नसक्ने अपेक्षाको प्रक्षेपण ।
- परियोजना अनुमति पत्र, युरोपियन इन्भेष्टमेन्ट बैंक र सरकार/नेपाल विद्युत प्राधिकरणविच भएको सम्झौता आदि बारेको कुनै पनि सूचना जानकारी दिइएको छैन । ति जानकारी र कागजातहरू आदिवासीहरूलाई र एफपिक तथा अधिकार मञ्चलाई उपलब्ध गर्नुपर्दछ ।

2 मार्गाधिकारमा लगानी: नेपालमा प्रशारण लाईनहरूका लागि समुदायको मञ्जुरी सुनिश्चित गर्न अन्तर्राष्ट्रिय असल अभ्यासहरू । कार्तिक/मंसीर २०७६ । पृष्ठ ८ ।
*Investing In The Right of Way: International Best Practices to Secure Community Consent for Transmission Lines in Nepal, November 2019, page 8, available at: https://www.accountabilitycounsel.org/wp-content/uploads/2019/11/final_investing-in-the-right-of-way.pdf.*





### २.१.१.६. कानूनी तात्पर्यको सन्दर्भमा थप जानकारीका लागि लाहुर्निप र एकाउन्टाविलिटि काउन्सेललगायतकासंग परामर्श

एफपिक तथा अधिकार मञ्च र यसको शाखाहरूले उपलब्ध जानकारीका बारेमा समुदायिक बैंठकहरू संचालन गर्नेछन् तथा उनीहरूलाई आवश्यक थप जानकारी अथवा स्पष्टीकरण के चाहियो सो बारेमा उनीहरूले निर्णय गर्नेछन् । समुदायका सदस्यहरूले उनीहरूलाई उपलब्ध गराईएको सूचना र कागजातका बारेमा आफै बिच छलफल गर्नेछन् र नेपाल विद्युत प्राधिकरण, परियोजना अधिकारी र युरोपियन इन्भेष्टमेन्ट बैंकसंग थप जानकारी वा स्पष्टीकरण लिखितरुपमा तुरुन्तै उपलब्ध गराउन माग गर्न सक्नेछन्, जुन यि दुवैले तत्काल उपलब्ध गराउन पर्दछ । यदि बैठकमा परियोजनासंग सम्बन्धित महत्वपूर्ण सवालहरू पहिचान भए भने अन्य प्रक्रियामा जानू अघि सरकार (विद्युत प्राधिकरण) र युरोपियन इन्भेष्टमेन्ट बैंकसंग प्रत्यक्षरुपमा छलफल गर्न आबश्यक हुनेछ । यदि त्यस्तो नभएमा, दोस्रो चरणको मञ्जुरीको प्रक्रियामा जानुपर्दछ ।

एफपिक तथा अधिकार मञ्च र यस्को शाखाले लाहुर्निप, एकाउन्टाविलिटी काउन्सेल र अन्यसंग, जस्तै आदिवासी जनजाति महासंघ-लमजुङ आदिसंग आवश्यकता अनुसार उपलब्ध दस्तावेजहरूको कानूनी तात्पर्य र आदिवासीहरूको अधिकारको बारेमा परामर्श गर्नेछन् ।

### २.१.१.७. सरकार/नेपाल विद्युत प्राधिकारण र युरोपियन इन्भेष्टमेन्ट बैंकसंग बाँकी सवालहरूमा सिधा छलफल

यदि परामर्श बैठकले परियोजनासम्बन्धी महत्वपूर्ण सवालहरूमा सरकार/नेपाल विद्युत प्राधिकारण र युरोपियन इन्भेष्टमेन्ट बैंकसंग सिधा छलफल गर्नुपर्ने सवालहरू बाँकी रहेको देखिएमा, सरकार/नेपाल विद्युत प्राधिकारण र युरोपियन इन्भेष्टमेन्ट बैंकले बैठक आयोजना गरिनुपर्दछ। बैठकका सम्पूर्ण खर्च सरकार/नेपाल विद्युत प्राधिकारण र युरोपियन इन्भेष्टमेन्ट बैंकले व्यहोर्नुपर्दछ ।

### २.१.१.८. समूहगत (क्लस्टर) रूपमा सामुदायिक बैठक

एफपिक तथा अधिकार मञ्चले लाहुर्निपको प्राविधिक सहयोगमा समुदायको सदस्यहरू र उनीहरूको प्रतिनिधिहरूलाई स्वतन्त्र, अग्रीम जानकारी सहितको मञ्जुरीको (एफपिक)को प्रक्रिया)का बारेमा अभिमुखिकरण गर्नेछन्। आदिवासीहरूको सामुदायिक बैठकले उनीहरूको मञ्जुरी प्रदान गर्न आफ्ना प्रतिनिधिहरू छनौट गर्नेछन् । बैठकले प्रतिनिधिको भूमिकाको साथै मञ्जुरी दिने वा नदिने, अथवा समुदायको मञ्जुरीको सम्बन्धमा निर्णय गर्ने अन्य ढाँचाहरूका बारेमा स्पष्ट पार्नेछन् । त्यसैगरी मञ्जुरी प्रक्रियाको सम्झौता अर्थात सहमतिको लागि उपयुक्त स्थान, मिति र समयको साथै यस्तो मञ्जुरी प्राप्त गर्ने प्रक्रिया र सदरगर्ने बारेमा निर्णय गर्नेछन् । परामर्श बैठकहरूका सबै सहभागीहरूले खेतीपाती गर्ने बेलामा सामुदायिक तहको परामर्श बैठक गर्न उपयुक्त समय नभएको बताए । सहभागीहरूले एफपिक तथा अधिकार मञ्च र लाहुर्निप दुवैले प्रक्रियालाई सहयोग पुऱ्याउनुपर्ने कुरामा सहमति जनाए। वार्ताको कुनै पनि बेला प्रतिनिधिहरूलाई आफ्नो समुदायसंग परामर्श गर्नु पर्ने महसुस गरेमा वा उनीहरूलाई उनीहरूको कानूनी सल्लाहकारहरू लाहुर्निप र एकाउन्टाविलिटि काउन्सेलसंग छुट्टै छलफल गर्न समय चाहिएमा वार्ता रोक्ने अधिकार रहन्छ ।

## २.१.२.

# चरण २: मञ्जुरी

सरकार/नेपाल विद्युत प्राधिकारण र युरोपियन इन्भेष्टमेन्ट बैंकले सम्बन्धित वडा कार्यालयलाई पत्र काटेर तथा यसको प्रतिलिपी छ्योन मामा/ज्योन (खस नेपालीमा आमा समूह)लाई दिएर आदिवासीहरूले मञ्जुरी दिनका लागि समूहगत तह(क्लष्टर)को बैठकका बारेमा गाउँले सबैलाई जानकारी गराउनुपर्दछ। आदिवासीहरूबाट चुनिएका प्रतिनिधिहरूका अलावा इच्छुक आदिवासीहरूले पनि बैठकमा भाग लिन सक्नेछन्। एफपिक बैठकको सम्पूर्ण खर्च सरकार/नेपाल विद्युत प्राधिकारण र युरोपियन इन्भेष्टमेन्ट बैंकले व्यहोर्नुपर्दछ।

बैठकको बखत सरकार/नेपाल विद्युत प्राधिकारण, युरोपियन इन्भेष्टमेन्ट बैंक र आदिवासीहरूले निम्न कुरा सुनिश्चित गर्नुपर्दछ :

- कि बैठकमा सहभागी आदिवासीहरू स्वतन्त्र रुपमा मञ्जुरी दिन बैठकमा उपस्थित छन्। यदि उनीहरूले नेपाल विद्युत प्राधिकारण, परियोजनाका प्रतिनिधिहरू अथवा कर्मचारी, जिल्ला प्रशासन प्रमुख र प्रहरीलगायतका संघीय, प्रान्तीय र स्थानीय सरकारले जबर्जस्ती गरेको, बल वा धम्की प्रयोग गरेको, दबाब दिएको, डर देखाएको, अनुचित प्रोत्साहन वा षडयन्त्र गरेको, जालझेल वा छलकपट गरेको, धोखा दिएको तथा आदिवासी र स्थानीय समुदाय विच फुटाऊ र शाषण गर भन्ने नीति अवलम्बन गरेको अनुभव बताएको खण्डमा बैठक तुरुन्त रोक्नुपर्दछ।
- कि उनीहरूलाई परियोजनासंग सम्बन्धित सम्पूर्ण कागजातहरू पूर्ण रुपले सार्वजनिक गरिदिईसकेको हुनु पर्दछ।
- कि आदिवासीहरूले जुनसुकै प्रकारको मञ्जुरी ("हुन्छ" वा "हुदैन" अथवा, "केही समयको लागि मञ्जुरी स्थगन गर्ने")लाई परियोजनाको अधिकारीहरूले पूर्णरुपमा पालना गर्नेछन्।

त्यसपछि, आदिवासीहरूले छनौट गरि पठाएका प्रतिनिधिहरूले निम्न कुराहरू राख्नु पर्दछ:

- उनीहरूले स्वतन्त्रपूर्वक मञ्जुरी दिने अवस्था भए नभएको, र यदि स्वतन्त्र पूर्वक मञ्जुरी दिने अवस्था नभए, के कस्ता समस्याहरू छन्।
- उनीहरूसंग पूर्व जानकारी तथा सूचनाहरू छन् वा छैनन्, यदि छैनन् भने के कस्ता जानकारी पाएका छन्।

यदि आदिवासीहरूले उनीहरूको स्वतन्त्र, अग्रीम जानकारी सहितको मञ्जुरीको निर्णय प्रक्रियालाई बाधा पार्ने कुनै पनि विषयहरूका बारेमा बताए भने यसको अनुसन्धान युरोपिएन इन्भेष्टमेन्ट बैंक, एफपिक तथा अधिकार मञ्च, आदिवासी जनजाति महासंघ-लमजुङ, र लाहुर्निपसहितको संयुक्त समितिले गर्नुपर्दछ, र सबैभन्दा पहिले स्वतन्त्र हुने वातावरण भएको सुनिश्चित गर्नुपर्दछ र/वा आवश्यक जानकारीहरू प्रदान गर्नुपर्दछ, र त्यसपछि मात्र प्रक्रिया शुरुबाटै दोहोऱ्याउनु पर्दछ।

यदि आदिवासीहरूले स्वतन्त्र, अग्रीम जानकारी सहितको मञ्जुरीको निर्णय प्रक्रियामा कुनै समस्या नभएको बताएमा, सरकार/विद्युत प्राधिकरण र युरोपियन इन्भेष्टमेन्ट बैंकले उपलब्ध गराएको जानकारीको आधारमा जस्तो सुकै एफपिकसम्बन्धी निर्णय लिनेछन्। निर्णयहरू "हुन्छ," वा "हुदैन" अथवा "केही समयको लागि मञ्जुरी स्थगन गर्ने" भन्ने हुन सक्नेछ। यदि निर्णय लिई सकेपछि नयाँ जानकारीहरू देखा परेमा, नयाँ जानकारीका आधारमा आदिवासीलाई आफ्नो अघिल्लो निर्णय बदल्न सक्ने अधिकार छ।

आदिवासीहरूले यस बैठकमा आउनु अगाडी गरेको निर्णय चाहे त्यो मञ्जुरी प्रदान गर्ने वा मञ्जुरी इन्कार गर्ने सम्बन्धमा अथवा केही समयको लागि मञ्जुरी स्थगन गर्ने भन्ने बारेमा होस त्यो लिखित रुपमा, समुदायले पहिचान गरेको भाषा(हरू)मा प्रदान गर्नुपर्दछ।

- यदि एफपिक सम्बन्धी निर्णय "हुन्छ" भन्ने रहेछ भने सरकार/विद्युत प्राधिकरण र युरोपियन इन्भेष्टमेन्ट बैंकले परियोजनाको काम अगाडी बढाउन सक्छन। आदिवासीहरूले मञ्जुरी प्रदान गरिसकेपछि मात्रै गैर आदिवासीहरूसंग अन्तिम परामर्श बैठक गरिनुपर्दछ।
- यदि एफपिकसम्बन्धी निर्णय "हुन्न" भन्ने रहेछ भने परियोजना तत्काल रोक्नु पर्दछ। सरकार/विद्युत प्राधिकरण र युरोपियन इन्भेष्टमेन्ट बैंकले आफ्नो नीति, योजना, कार्यक्रम र गतिविधिहरू संशोधन गर्न चाहेमा, पुनः शुरुदेखि नयाँ एफपिक प्रक्रिया शुरु गर्नुपर्दछ।
- यदि एफपिकसम्बन्धी निर्णय "केही समयको लागि मञ्जुरी स्थगन गर्ने" भन्ने रहेछ भने समुदायहरू मञ्जुरी दिन तयार नभएसम्म सरकार, विद्युत प्राधिकरण र युरोपियन इन्भेष्टमेन्ट बैंकले पर्खनु पर्दछ र परियोजना पनि स्थगन गर्नु पर्दछ।



## २.१.३.

# चरण ३: मञ्जुरी प्राप्त गरिसके पछि



यदि आदिवासीहरूले मञ्जुरी 'हुन्न' भन्ने निर्णय दिएमा, परियोजना रोक्नु पर्दछ, र कुनै पनि नयाँ प्रक्रिया संशोधनको साथ पुनः शुरुको चरणदेखि शुरु गर्नुपर्दछ। मञ्जुरीका लागि, यदि उनीहरूले थप समय माग गरेमा, थप समय प्रदान गरिनुपर्दछ। मञ्जुरीको चरण,उनीहरूले सरकार, विद्युत प्राधिकरण र युरोपियन इन्भेष्टमेन्ट बैंकलाई दिएको मिति, समय र स्थानमा हुनेछ।

यदि आदिवासीहरूले मञ्जुरी 'हुन्छ' भन्ने दिएमा, आदिवासी, नेपाल आदिवासी जनजाति महासंघ-लमजुङ, एफपिक तथा अधिकार मञ्चहरूको अर्थपुर्ण सहभागितामा निम्न उल्लेखित गतिविधिहरू गरिनुपर्दछ :

- सहमति गरेअनुसार क्षतिपुर्ति (मुआब्जा र क्षतिपुर्ति दुवै) प्रदान गर्नु।
- सहमति गरेअनुसार लाभांशको बाँडफाँड प्रदान गर्ने।
- आदिवासीसम्बन्धी योजनाहरूको कार्यान्वयन गर्ने।
- गुनासोहरू सुनुवाई तुरुन्त गरी समधान गर्ने।
- पहिले गरेको सहमतिमा केही परिवर्तन भएको भए आदिवासीहरूबाट पुनः मञ्जुरी प्राप्त गर्ने।

परामर्श गरे पछि

चरण ३

परामर्श

चरण २

परामर्श गर्नु अघि

चरण १

# २.२.

# भाग २ः

# समुदायको फराकिलो समर्थनको लागि गैर आदिवासीहरूसंग परामर्श

गैर आदिवासी समुहमा पर्ने समुदायका अन्य सदस्यहरूसंग, जात समूहका खासगरी बाहुन, क्षेत्री, दशनामी, दमाई, कामी र सार्कीसंग परामर्श गरी समुदायको फराकिलो समर्थनको लागि तीन चरणहरू छन्। ति चरणहरू १) परामर्श गर्नु अघि २) परामर्श र ३) परामर्श गरे पछि रहेका छन्।



## २.२.१. परियोजनाको क्षेत्र र परियोजनाले प्रभावित गैर आदिवासीको जनसंख्या निर्धारण

स्थलगत कार्यको बखत, आदिवासीको जस्तै, गैर-आदिवासीका समुदायले पनि परियोजनाका बारेमा "मुड्का" अथवा "टावर" को संख्या, तिनको संरचना निर्माणस्थल, मार्गाधिकार (राईट अफ वे)ले ओगट्ने जग्गालगायतका सम्बन्धमा थोरै मात्र जानकारी प्राप्त गरेको गुनासो गरे। उनीहरू र एफपिक तथा अधिकार मञ्चले प्राप्त गरेको थोरै जानकारीको आधारमा समुदाय तहको परामर्श बैठकका सहभागीहरूले परामर्शको उद्देश्यका लागि निम्न भौगोलिक ईकाइहरूमा विभाजन गर्न सुझाव दिएका छन् :

**क) परामर्शका लागि समूह (क्लस्टर) १ : लमजुङ जिल्लाको अर्चलबोटः**

लमजुङ जिल्लाको दोर्दी गाउँपालिका वडा नं. २ को अर्चलबोट, राइनस नगरपालिकाको वडा नं. ६ को धामिल कुवा, बेशीसहर नगरपालिकाको वडा नं. १ को उदीपुर, वडा नं ११ को चिती, वडा नं. १० को बाँझाखेत, सुन्दर बजार नगरपालिकाको वडा नं ९ को सुन्दर बजार, बेशीसहर नगरपालिकाको वडा नं १० को खासुरमा परियोजनाबाट प्रभावित गैर-आदिवासीहरू रहेका छन्।

**ख) परामर्शका लागि समूह (क्लस्टर) २ः लमजुङ जिल्लाको खुदीः**

माथी उल्लेख गरे झैं, आदिवासीहरूबाहेक धेरै क्षेत्री, बाहुन र दलित (विश्वकर्मा)हरू पनि परियोजनाबाट प्रभावित रहेका छन्। त्यसैले खुदीमा आदिवासीहरूसंग स्वतन्त्र अग्रीम जानकारी सहित मञ्जुरी र गैर-आदिवासीसंग समुदायको फराकिलो समर्थनको लागि छुट्टा छुट्टै परामर्श गरिनु पर्दछ।



## २.२.२. चरण १ः परामर्श गर्नु अघि

प्रक्रिया कार्यान्वयन समिति, सूचना प्रचार प्रसार, समुदाय र कानूनी सल्लाहकारसंग परामर्शको सम्बन्धमा सरकार/नेपाल विद्युत प्राधिकरण र युरोपियन इन्भेष्टमेन्ट बैंकसंग स्पष्टीकरणको लागि छलफल र क्षेत्रगत तहको सामुदायिक बैठकका लागि माथि उल्लेखित कदमहरू परामर्श पूर्वका चरणमा गैर आदिवासीहरूका लागि पनि लागू हुन्छ।

## २.२.३. चरण २ः समुदायको फराकिलो समर्थनको लागि परामर्श

यो चरण सर्वप्रथम आदिवासीहरूबाट स्वतन्त्र अग्रीम जानकारी सहितको मञ्जुरी सुनिश्चित गरेर उनीहरूको "हुन्छ" भन्ने मञ्जुरी प्राप्त नगरी सुरु हुन सक्दैन र सुरु गर्नु हुदैन। यदि आदिवासीहरूले 'हुन्न' भनेको खण्डमा अथवा केही समयको लागि मञ्जुरी स्थगन गर्न चाहेमा परियोजना कार्यान्वयन गर्न मिल्दैन, र गर्नु हुदैन। बैठकको सम्पूर्ण खर्च सरकार/नेपाल विद्युत प्राधिकरण र युरोपियन इन्भेष्टमेन्ट बैंकले व्यहोर्नुपर्दछ।

आदिवासीहरूसंग मञ्जुरी प्राप्त गरिसकेपछि, सरकार/नेपाल विद्युत प्राधिकरण र युरोपियन इन्भेष्टमेन्ट बैंकले सम्बन्धित वडा कार्यालयहरूका प्रमुखलाई तथा छ्योन मामा/ज्योन (खस नेपालीमा आमा समूह) लाई पत्रको प्रतिलिपि दिएर समुहगत तहको गैर आदिवासीसंगको बैठकका बारेमा गाउँले सबैलाई जानकारी गराउनुपर्दछ। यसका अलावा, गैर-आदिवासीहरूबाट चुनिएका प्रतिनिधिहरूबाहेकका इच्छुक गैर-आदिवासीहरूले पनि बैठकमा भाग लिन सक्नेछन्। बैठकमा आउनु अगाडी गैर-आदिवासीहरूको गरेको निर्णयको आधारमा र यस सत्रको बैठकमा भएको छलफलका आधारमा दुवै पक्षले वार्ता गर्नेछन् र वार्ताको परिणाम लिखितरुपमा दस्तावेजीकरण गरिनुपर्नेछ।

## २.२.४. चरण ३ : परामर्श गरिसके पछि

गैर-आदिवासीहरू, आदिवासी जनजाति महासंघ-लमजुङ र एफपिक तथा अधिकार मञ्चको अर्थपूर्ण सहभागीतामा निम्न उल्लेखित गतिविधिहरू गर्नुपर्दछः

- क्षतिपुर्ति (सहमतिअनुसारको मुआब्जा र क्षतिपुर्ति दुवै) प्रदान गरिनुपर्दछ।
- सहमति जनाएअनुसार लाभको बाँडफाँड गर्नुपर्दछ।
- गुनासोहरूको तत्काल सुनुवाई गरि समाधान गर्नुपर्दछ।
- पहिले सहमति जनाएको कुरामा केही परिवर्तन भएको अवस्थामा गैर आदिवासीहरूसंग फेरी परामर्श गर्नुपर्दछ।


AIPP
Lawyers' Association for Human Rights of Nepalese Indigenous Peoples
LAHURNIP
1995
Kathmandu Nepal
IWGIA